म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३३३ सोमबार, ३० असार २०८२ ने. सं. ११४५ दिल्लागा 14 July 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बालिका बलात्कार आरोपमा बालगृहका प्रमुख पक्राउ

हेटौंडा, २९ असार/मकवानपुरको विकटक्षेत्र कैलाश गाउँपालिकामा सञ्चालित बालगृहमा आश्रय लिइरहेकी बालिकालाई बलात्कार गरेको आरोपमा प्रमुख अधिकृत पक्राउ परेका छन् । सांग्रिला डेभलपमेन्ट एसोसिएसनले कैलाश-३ मा सञ्चालन गरेको बालगृहमा विगत ४ वर्षदेखि बस्दै आएकी १७ वर्षीया बालिकामाथि पटक-पटक बलात्कार गरेको जाहेरीको आधारमा बालगृहका प्रमुख ४८ वर्षीय मधुसुदन राउतलाई पक्राउ गरिएको मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिए । राउतलाई गत शुक्रबार काठमाडौंबाट पक्राउ गरी मकवानपुर ल्याइएको उनले बताए । राउतलाई आइतबार म्याद थपका लागि मकवानपुर जिल्ला अदालतमा लगिएको छ । किशोरीले जिल्ला प्रहरी कार्यालय मकवानपुरमा राउतविरुद्ध ८ असारमा जाहेरी दर्ता गरेकी थिइन् । प्रहरीप्रवक्ता अर्यालका अनुसार राउतले बालिकालाई जेठ १ गतेदेखि २८ गतेसम्म पटकपटक बलात्कार गरेको जाहेरी परेको छ । पीडित बालिकाको बाबुको दुर्घटनामा मृत्यु भएको र आमा सम्पर्कविहीन भएपछि बालगृहमा आश्रय लिएर बस्दै आएकी थिइन् ।

### आयुर्वेद तथा वैकल्पिक चिकित्सालयको नवनिर्मित भवन उद्घाटन

# आयुर्वेद सेवा प्रदेश सरकारको प्राथमिकतामा: मन्त्री थापा

साझाकुरा संवाददाता

हेटौंडा, २९ असार/ बागमती प्रदेशका स्वास्थ्य मन्त्री किरण थापाले आयुर्वेदलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको बताएका छन् ।

हेटौंडा उपमहानगरपालिका वडा नं. २ स्थित आयुर्वेद तथा वैकल्पिक चिकित्सालयको नवनिर्मित साढे २ तले भवनको आइतबार उद्घाटन गर्दै मन्त्री थापाले आयुर्वेद सेवाको विकासको लागि प्रदेशका विभिन्न ठाउँमा भवनहरु बनाउने र सेवालाई व्यवस्थित गर्न प्रदेश सरकारले काम गरिरहेको बताए । ७ वटै प्रदेशमध्ये सबैभन्दा व्यवस्थित आयुर्वेद तथा वैकल्पिक चिकित्सालयको सेवा बागमती प्रदेशमा रहेको उनको भनाई छ । चितवन र नुवाकोटमा आयुर्वेदको अन्तरंग सेवा भइसकेको जानकारी दिँदै मन्त्री थापाले मकवानपुरमा पनि अन्तरंग सेवा सञ्चालन गर्ने तयारी भइरहेको बताए ।



उनले आयुर्वेद स्वास्थ्यलाई पनि प्रभावकारी ढंगले सञ्चालनमा ल्याउनका लागि बजेट थप गरिएको बताए । भौतिक संरचना विस्तारै सुविधायुक्त हुँदै जानु र सरकारको लगानी आयुर्वेद उपचार विधिमा बढोत्तरी हुँदै जाँदा नागरिकको आयुर्वेद पद्धतिप्रति विश्वसनीयता बढ्ने उनले बताए । मन्त्री थापाले नेपालमा आयुर्वेद औषधिउपचारको लामो इतिहास रहेको बताए । स्वदेशमै रहेका जडिबुटीलाई आयुर्वेदिक औषधि उत्पादनमा प्रयोग गर्नुपर्नेमा उनको जोड थियो । मन्त्री थापाका अनुसार मन्त्रालयले अहिलेसम्म १० प्रकारको औषधि उत्पादन केन्द्र स्थापना गरेर औषधिको उत्पादन थालिसकेको छ ।

थप ११ प्रकारको औषधि उत्पादन केन्द्र स्थापना गर्नको लागि प्रदेश सरकारले बजेटको विनियोजन गरेको उनले बताए । असोज महिनासम्म सरकारले नि:शुल्क दिँदै आएको २३ प्रकारको आयुर्वेदिक औषधिमध्ये प्रदेश सरकारले २१ प्रकारको औषधि वितरण गर्ने गरी काम अगाडि बढाउने मन्त्री थापाले बताए । प्रदेश राजधानी हेटौंडालाई स्वास्थ्य क्षेत्रको हब बनाउनु सरकारको प्रमुख उद्देश्य भएको उनको भनाई छ । विगतमा जिल्ला अस्पतालको रुपमा रहेको हेटौंडा अस्पताल अहिले प्रदेशको मातहातमा आएपछि उल्लेख्य सुधार भएको उनले दाबी गरे । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत अस्पताल आएपछि ३ सय शैयाको सेवासहित विशेषज्ञ चिकित्सकबाट सेवाप्रदान भइरहेको उनले बताए । निकट भविष्यमै हेटौंडा अस्पतालमा ५ सय बेडको सेवा सञ्चालन हुने उनले जानकारी दिए ।

मन्त्री थापाले पछिल्लो समय एन्टीबायोटिक औषधिको कारण साइडइफेक्ट देखापरेको बताए । देशमै भएका जडिबुटीबाट उत्पादन भएको औषधि सेवनबाट धैरै दीर्घरोगीको स्वास्थ्यमा सुधार आएको उनले उल्लेख गरे । बागमती प्रदेश सरकारको ७ करोड ५३ लाख ८२ हजार ५ सय १३ रुपैयाँ (मूल्य अभिबृद्धि करसमेत) को लगानीमा निर्माण भएको भवन साढे २ तल्ला रहेको छ । ३० वटा साना गाडी र ५० वटा मोटरसाइकल राख्न सकिने अन्डरग्राउण्ड पार्किङ समेत भएको चिकित्सालयमा कार्यक्रम हलसहित १५ भन्दा बढी सुविधा सम्पन्न कोठाहरु रहेको व्यवस्थापन तथा सञ्चालन समितिका अध्यक्ष अर्जुन ढकालले जानकारी दिए ।

२०७९ फागुन २८ मा सम्झौता भइ युरिका पिण्डेश्वरी जेभीले २०८१ फागुन ३० मा निर्माण सम्पन्न गरी समितिलाई जिम्मा लगाएको हो । २०२८ सालमा बीरगंजको रानीगंजमा नारायणी अञ्चल आयुर्वेद औषद्यालयको नाममा स्बाथापना भइ २०३८ सालमा मकवानपुरको हेटौंडामा स्थानान्तरण भइ सन्चालनमा आएकोमा २०७८ सालमा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मकवानपुरको रुपमा नाम परिवर्तन भइ सन्चालन भैरहेको थियो ।

२०८० पुषमा बागमती प्रदेश सरकारको मन्त्रीपरिषद्को निर्णयले १६ शैयाको आयुर्वेद तथा बैकल्पिक चिकित्सालयको रुपमा सन्चालन हुँदै आइरहेको छ । यस चिकित्सालयका ओपीडी सेवा, निशुल्क आयुर्वेद औषधि वितरण, फिजियोथेरापीलगायत मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रममार्फत् सेवा दिइरहेको चिकित्सालयकी प्रमुख डाक्टर ललिता पाण्डेले जानकारी दिइन् । कार्यक्रममा बागमती प्रदेश सभाका सदस्यहरु एकालाल श्रेष्ठ, प्रेमबहादुर पुलामी, मकवानपुरका प्रमुख जिल्ला अधिकारी स्कीम श्रेष्ठ लगायतले मन्तब्य व्यक्त गरेका थिए ।

# संघीय कर्मचारीलाई १० वर्षसम्म प्रदेश सचिवमा नखटाउने प्रावधान राख्न माग

साझाकुरा संवाददाता

हेटौंडा, २९ असार/ बागमती प्रदेशका सचिवसहितका २० कर्मचारीले संघीय कर्मचारीलाई दश वर्षसम्म प्रदेश सचिव पदमा कामकाज गर्न खटाउने प्रावधान नराख्न माग गरेका छन् ।


राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहाललाई ज्ञापनपत्र बुझाउँदै बागमती प्रदेशका सचिव दीपेन्द्र सुवेदीसहितका २० कर्मचारीले १० वर्षसम्म प्रदेशसचिवमा संघीय कर्मचारी खटाउने प्रावधानले प्रदेश निजामती कर्मचारीमाथि ठूलो अन्याय र भेदभाव गरिएको भन्दै संघीय निजामती कर्मचारी विधेयकमा संशोधनका प्रस्ताव पेस गरेका छन् । संघीय निजामती सेवा विधेयक २०८० प्रतिनिधिसभाबाट पारित भएर राष्ट्रियसभामा पुगेको छ । राष्ट्रियसभामा त्यो विधेयकको दफा ११४ (२), ११५ र ११६ (३) ले प्रदेश निजामती सेवाका कर्मचारीको वृत्तिविकासमा प्रत्यक्ष असर पर्ने अवस्था सृजना भएको र त्यो संविधान र संघीयताको भावना, मर्मअनुरुप नरहेको उनीहरुले ज्ञापनपत्रमा उल्लेख गरेका छन् ।



उनीहरुले संघीय निजामती सेवा विधेयकको दफा ११४ (२) र ११६ (३) ले १० वर्षसम्म प्रदेश निजामती सेवाको एघारौं तहमा कार्यरत कर्मचारीको वृत्तिविकास रोकिने ज्ञापनपत्रमा उल्लेख गरेका छन् । 'कर्मचारी समायोजन ऐन, २०७५ को दफा ११ (३) मा प्रदेश कानुनबमोजिम प्रदेश सचिवको पदपूर्ति भएपछि त्यस्तो पद स्वत: प्रदेश निजामती सेवाको पद मानिनेछ भन्ने व्यवस्था गरेको छ ।

तर, संघीय निजामती सेवा विधेयक २०८० को दफा ११४ (२), ११५ र ११६ (३) ले प्रदेश निजामती सेवाका कर्मचारीको वृत्तिविकासमा प्रत्यक्ष असर पर्ने अवस्था सृजना भएको छ, जुन नेपालको संविधान र संघीयताको भावना, मर्मअनुरुप नरहेको र समानताको हक (धारा १८) विपरीत रहेको छ,' उनीहरुले ज्ञापनपत्रमा लेखेका छन 'सबै कर्मचारीले योग्यता र क्षमताअनुसार समयमै आवधिक रुपमा बढुवा तथा वृत्तिविकास हुन पाउनु उसको नैसर्गिक अधिकार हो । संघीय निजामती सेवा विधेयकको दफा ११४ (२) र ११६ (३) ले १० वर्षसम्म प्रदेश निजामती सेवाको एघारौं तहमा कार्यरत कर्मचारीको वृत्तिविकास रोकिने भएको छ ।'

कर्मचारी समायोजन ऐन, २०७५ को दफा ११ (३) मा प्रदेश कानुनबमोजिम प्रदेश सचिवको पदपूर्ति भएपछि त्यस्तो पद स्वत: प्रदेश निजामती सेवाको पद मानिने व्यवस्था गरेपनि संघीय निजामती कर्मचारी ऐनले त्यसलाई रोक्ने ज्ञापनपत्रमा उल्लेख छ । कर्मचारीले संघीय निजामती सेवा विधेयक २०८० को दफा ११४(२), ११५ र ११६ (३) संशोधन गरी राख्नुपर्ने व्यवस्था पनि राष्ट्रियसभा अध्यक्ष दाहाललाई सम्झाएका छन् । ज्ञापनपत्रमा हस्ताक्षर गर्नेमा प्रदेश ११ तहका डा.अर्जुनप्रसाद सापकोटा, एघारौं तहकै दीपकप्रसाद तिवारी, नरेन्द्र कार्की, वसन्त अधिकारी लगायत छन् ।






साझाकुरा

## हाम्रो कुरा

# नगरको बजेट पारित

हेटौंडा उपमहानगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट नगरसभाको अधिवेशनबाट पारित भएको छ । १७ औं नगरअधिवशेनको दोश्रो बैठकले आगामी आर्थिक वर्षका लागि दुई अर्ब ९० लाख तीन हजार रुपैयाँ बराबरको बजेट पारित गरेको हो । असार १० गते बसेको उपमहानगर को नगरसभाको १७ औँ अधिवेशनमा उपप्रमुख राजेश बानियाँले चालु आर्थिक वर्षको बजेटभन्दा वृद्धिगर्दै बजेट प्रस्तुत गरेका थिए । उपमहानगरको चालु आवको बजेट दुई अर्ब ४३ करोड ८० लाख रुपैयाँ रहेको थियो । हेटौंडा उपमहानगरले अधिवेशनले आर्थिक विधेयक र विनियोजन विद्येयक पारित गरेको जानकारी दिएको छ । आगामी आर्थिक वर्षको बजेटको खर्च बेहोर्ने स्रोततर्फ आन्तरिक आयबाट ६२ करोड ७६ लाख ८० हजार रुपैयाँ, राजस्व बाँडफाँटबाट ९२ करोड ७० लाख ५५ हजार रुपैयाँ र बाँकी संघ र प्रदेशबाट अनुदान प्राप्त हुने अनुमान गरिएको छ । नगर विकास कोषको ऋणबाट तीन करोड ६० लाख रुपैयाँ स्रोत व्यवस्थापन गर्ने बजेटमा व्यवस्था गरिएको छ ।

आगामी आवका लागि कार्यसञ्चालन तथा प्रशासनिक खर्च व्यवस्थापनका लागि ५९ करोड ६५ लाख ९० हजार र सुशासन तथा संस्थागत विकासतर्फ तीन करोड ८९ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । बजेट पारित भएसँगै आगामी साउन १ गतेबाट उपमहानगरलाई खर्च गर्ने बाटो खुलेको छ । आगामी आर्थिक वर्षको लागि उपमहानगरले हेटौंडा-१० मा निर्माणाधीन एकीकृत बसपार्क तथा टर्मिनल भवन निर्माणको लागि ४ करोड बजेट विनियोजन गरेको छ । पदमपोखरीमा मुख्य सडक विस्तार, बृहत खानेपानी, चक्रपथ सडक लगायत योजनाका लागि ७ करोड बजेट विनियोजन गरिएको छ । उज्यालो सहर कार्यक्रमअन्तर्गत स्ट्रिट लाइट जडानको लागि ४० लाख, तामाङ संग्रहालय निर्माणको लागि ४० लाख र नेवा संग्रहालय निर्माणको सुरुवात गर्न २० लाख बजेट विनियोजन भएको छ । महिलामैत्री सहर, लुमन्ती परियोजना, विन परियोजना लगायत साझेदारीमा सञ्चालन हुने योजनाको लागि उपमहानगरले १ करोड बजेट विनियोजन गरेको छ । त्यसैगरी हेटौंडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयमा मेघा विद्यालय पूर्वाधार निर्माणका लागि विद्यालयको ५० प्रतिशत लागत साझेदारीमा निर्माणकार्य सुरुवात गर्न ५० लाख बजेट विनियोजन गरिएको छ । हेटौंडा उपमहानगरपालिकाले आगामी आर्थिक वर्षदेखि 'घुमौ हेटौंडा चिनौ हेटौंडा' भन्ने नारा सहित आन्तरिक पर्यटन प्रवर्द्धनका लागि होटल एशोसियसन मकवानपुरसँगको सहकार्यमा सिटी टुर कार्यक्रमको थालनी गरिने भएको छ । तामाङ र नेवा भाषाको प्रवर्द्धन गर्न स्थानीय पाठ्यक्रमका रुपमा विद्यालय तहमा पठनपाठनका लागि आवश्यक व्यवस्था मिलाइने भएको छ ।

दक्षिण एसियाको पहिलो मानवनिर्मित चुरियामाई सुरुङको पर्यटकीय सम्भावना अभिवृद्धि गर्न संघ र प्रदेश सरकारको समन्वय एवम् सहकार्यमा प्रवर्धनात्मक कार्य गरिने भएको छ । त्यसैगरी 'मेयरसँग जनता स्वास्थ्य कार्यक्रम' अन्तर्गत ज्येष्ठनागरिक, अपाङ्ग तथा एकल महिला/पुरुषलाई प्राथमिकतामा राखी समुदायस्तरमा कार्यक्रम सञ्चालन गर्ने नीति उपमहानगरको रहेको छ । उपमहानगरले आफ्नो नीति तथा कार्यक्रममा तेस्रो सन्तान जन्मलाई प्रोत्साहनको नीति अवलम्बन गरेको छ । तेस्रो सन्तान जन्मलाई प्रोत्साहन गर्न कोष खडा गरी आवश्यक कार्यक्रम सञ्चालन गरिने भएको छ । नगरक्षेत्रमा उत्सर्जन हुने फोहोरमैलाको दिगो व्यवस्थापन गर्न सार्वजनिक निजी साझेदारी अवधारणामा फोहोर व्यवस्थापन कार्यलाई उपमहानगरले निरन्तरता दिने भएको छ । डिजिटल सिटीको अवधारणालाई अघि बढाउने नीति उपमहानगरपालिकाको रहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असार ३१ गते मंगलबार १५ जुलाई २०२५ । पञ्चमी, साउन कृष्णपक्ष । दिल्लागा ११४५ ने.सं. । सूर्योदय ५:१९, सूर्यास्त ७:०० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : कामको उचित प्रतिफल पाइनेछ | **तुला** | : प्रेमप्रसंग सुमधुर आदर पाइनेछ |
| **वृष** | : धन आर्जन हुनेछ | **वृश्चिक** | : अधुरा योजना पूरा हुने देखिन्छ |
| **मिथुन** | : काम बन्नाले उत्साह जाग्नेछ | **धनु** | : भाग्योदयको समय रहनेछ |
| **कर्कट** | : दोहोरो लाभ मिल्नेछ | **मकर** | : अध्ययन अध्यापनमा गडबडी हुनेछ |
| **सिंह** | : श्रमबाट प्रशस्त लाभ हुनेछ | **कुम्भ** | : काममा उत्साह बढ्नेछ |
| **कन्या** | : पारिवारिक समस्या आउनसक्छ | **मीन** | : प्रेमको बन्धन कसिनेछ |

# इन्जिनियरका पीडा: जागिर जोगाउने कि ज्यान ?



✍ ई. रूपक रावल "जिज्ञासु"

इन्जिनियर । यो शब्द सुन्नासाथ नेपाली समाजमा सम्मान, विश्वास र उज्यालो भविष्य भएका व्यक्ति भनेर बुझिन्छ । किनभने, वर्षौंको पढाइ, अनगिन्ती रातका निद्रा साटेर, आफ्नो युवा जोशलाई देश निर्माणमा समर्पण गर्ने संकल्प लिएर कुनै विद्यार्थी इन्जिनियर बन्न सफल हुन्छ । विद्यार्थी जीवनदेखिको कठिन अध्ययन, प्रतिस्पर्धा र त्यागपछि प्राप्त हुने यो उपाधि र पेशा सामान्यतया सुरक्षित, प्रतिष्ठित र आर्थिक रूपमा सुदृढ हुने विश्वास गरिन्छ । तर, यो विश्वासको पर्दा पछाडिको यथार्थ बेग्लै छ । नेपाली इन्जिनियरहरूको जीवन र पेशागत अस्तित्व विस्तारै एक भयावह प्रश्नसँग जुधिरहेको छ ।

साँच्चै, यो देशमा 'इन्जिनियर बन्नु सपना हो कि सजाय ?' यो प्रश्न केवल शाब्दिक अतिशयोक्ति होइन । यो इन्जिनियरहरूले प्रतिदिन सामना गर्न बाध्य भइरहेको जोखिमपूर्ण र कहिलेकाहीं जीवनघातक यथार्थको चित्रण हो । विगतका वर्षहरूमा सरकारी र निजी क्षेत्रका इन्जिनियरहरूमाथि लागेका झुटा आरोप, दुर्व्यवहार, हातपातका घटनाक्रम, राजनीतिक दबाब र जोखिमका विविध आयाम हामीले सुन्दै आइरहेका छौं । केही साताअघि मधेश प्रदेशमा एक जना इन्जिनियरमाथि हातपात र दुर्व्यवहार भयो । जाजरकोटको वन डिभिजन कार्यालय प्रमुख अमर प्रसाद साहमाथि अज्ञात समूहले कार्यालयभित्रै कुटपिट गरे । जबजब आर्थिक वर्ष अन्त्यतिर हुन्छ, यस्ता घटना सार्वजनिक भइरहन्छन् । किनकि, प्रत्येक आर्थिक वर्षको अन्त्यतिर मुलुकमा विकास चटारो देखिन्छ ।

चालु आर्थिक वर्षको अन्तिम महिना चलिरहेको छ । सरकारी खर्च आकस्मिक रूपमा आकाशिएको छरु । असार मसान्त नजिकिंदै गर्दा संघीय सरकारले एकै दिन झन्डै १८ अर्बसम्म बजेट खर्च गरेका समाचार आएका छन् । तथ्यांक अनुसार सरकारले १ देखि २० असारसम्म २० दिनमा मात्रै एक खर्ब ३७ अर्ब ९० करोड ५८ लाख रुपैयाँ अर्थात् कुल बजेटको ७.४१ प्रतिशत खर्च गरेको छ । असारमा दैनिक औसत ६ अर्ब ८८ करोड ४५ लाख खर्च भएको देखिन्छ । जबकि साउनदेखि जेठ मसान्तसम्म सरकारको कुल खर्च १२ खर्ब ८२ करोड ९४ लाख थियोरु । खर्चको यो प्रवृत्तिले 'बजेट सिध्याउन हतार गर्ने, तर गुणस्तरीय परिणाम नआउने' पुनरावृत्तिकै संकेत गर्छ । स्वाभाविक रूपमा त्यस्तो चटारोमा सयौं प्राविधिक, इन्जिनियर पनि आफ्नो जिम्मेवारी निर्वाहका लागि सक्रिय हुन्छन् । तर अधिकांशत: माथिदेखिकै मिलेमतोमा असारे ठेकेदारले यसबेला गुणस्तरहीन काम गर्ने सम्भावना ज्यादा रहन्छ । त्यसो हुन नदिन अर्थात् आफ्नो कर्तव्य निर्वाह गर्न खोज्दा अधिकांश प्राविधिक, इन्जिनियर कुटपिटको शिकार हुने गरेको पाइन्छ । स्वार्थ समूहसँग नेताको साँठगाँठ र त्यसले निम्त्याउने उत्तेजना, आक्रमणमा परिणत हुन्छन् । यस्ता घटनाहरू थोरै बाहिर आउँछन, धेरै भित्रै दबाइन्छन् । यसरी, जो देश निर्माणको आधार स्तम्भ उनीहरूकै ज्यान जोखिममा पर्छ ।

इन्जिनियरका जिम्मेवारी सार्वजनिक चासोका हुन्छन्, जसले गर्दा इन्जिनियरहरू सधैं निगरानीको घेरामा हुन्छन्, हुनुपर्छ । तर, निगरानी निष्पक्ष हुँदैन । त्यसमा स्वार्थको नजर गढेको हुन्छ । यो पेशा नै यस्तो छ कि, अर्को कसैको व्यवसायको विरुद्धमा नै लाग्नुपर्ने हुन्छ । जस्तो, स्वभावत:, निर्माण व्यवसायीले नाफाको व्यापार गर्न खोज्छ । उसले हेर्छ फाइदाका लूपहोलहरू, इन्जिनियरले ती प्वाल बन्द गरिदिन्छ । सिधा भन्दा फाइदा खोसिदिन्छ । यो जागिर मात्र नभई जिम्मेवारी हो, कर्तव्य हो । यसरी व्यवसायी मर्यादामा धम्की र ज्यानको खतरा शुरू हुन्छ ।

विगतका वर्षहरूमा इन्जिनियरहरूले राजनीतिक दबाब, झुटा आरोप र यहाँसम्म कि शारीरिक हिंसा र दुर्व्यवहारको सामना गर्नुपरेका थुप्रै घटना हामीसामु नभएका होइनन् । जब झुटा आरोप लाग्छन्, राजनीतिक दबाब आउँछ, हिंसाको धम्की आउँछ, कानूनी दायरामा फसिन्छन्, तब धेरै इन्जिनियर आफूलाई एक्लो महसुस गर्छन् । प्रशासनिक निकाय, व्यावसायिक संघ- जस्तै नेपाल इन्जिनियर्स एशोसिएसन र सरकारले पर्याप्त संस्थागत सहयोग र संरक्षण उपलब्ध गराउँदैनन् । यसले उनीहरूलाई भावनात्मक रूपमा कमजोर बनाउँछ । निराशा र हतास बनाउँछ । र, तनाव झेल्न नसक्दा अन्तत: आत्महत्या जस्तो नकारात्मक निर्णयसम्म पुगेको घटना पनि छन् । उनीहरूका परिवारले पनि यसबाट गम्भीर मानसिक पीडा झेल्छन् ।

### दुर्व्यवहारका घटना

आर्थिक वर्षको अन्तिम अर्थात् असार मसान्तको चटारो चलिरहेको छ । असार मसान्तका बेलामा इन्जिनियरहरू माथि दुर्व्यवहार तथा हातपातका घटनाहरू बढी हुन्छन् भन्ने माथि नै चर्चा गरिसकिएको छ । अन्य महिनामा पनि छिटपुट घटना भइरहेकै हुन्छन् । इन्जिनियर हरूमाथि लाग्ने झुटा आरोप, दुर्व्यवहार र हातपातका घटनाहरू नौला भने होइनन् । धेरै विगत नगई, दुई वर्ष पहिले पूर्वसांसद र वडा अध्यक्षद्वारा कम मूल्यांकन भयो भन्दै पूर्वाधार विकास कार्यालय मुगुका निमित्त कार्यालय प्रमुख कार्यालयमै कुटिएको निन्दनीय घटना बाहिर आयो ।

जुम्लाको पातारासी गाउँपालिकाका प्राविधिक शाखा प्रमुख इन्जिनियर शाही माथि गाउँपालिका अध्यक्षकै कार्यकक्षभित्र प्रक्रिया पूरा नगरी भुक्तानी दिन दबाब दिंदै हातपातको अर्को घटना पनि भयो । चालु आर्थिक वर्षमै गत ३ चैतमा जाजरकोटको बारेकोट गाउँपालिकामा कार्यरत अ. सब-इन्जिनियर माथि सामान्य कुटपिट मात्र भएन, रड प्रहार गरेर ज्यानै लिने प्रयास भयो । १२ चैतमा नेपाल विद्युत् प्राधिकरण भर तपुर वितरण केन्द्रका प्रमुख इन्जिनियर माथि दुर्व्यवहार तथा आक्रमण भयो । १५ वैशाखमा बैतडीको पुर्चौडी नगरपालिकाका प्राविधिकमाथि नगर प्रमुखकै अगाडि उपभोक्ता समितिका अध्यक्षले आक्रमण गरे । केही साताअघि महोत्तरीको जलेश्वर नगरपालिकाका मेयरले इन्जिनियरलाई प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमा हातपात गरे ।

यी त भए एकाध वर्षभित्र भएका केही प्रतिनिधि घटना । विगत पाँच वर्षभित्रका घटनाको संख्या जोड्ने हो भने सयभन्दा बढी छन् । ती सबै लेखेर साध्य छैनन् । कैयौं घटना त कार्यालयभित्रै गुपचुप मिलाइन्छन् । ती कहिल्यै बाहिर आउँदैनन् । यसरी हेर्दा, राजनीतिक दलका कार्यकर्तादेखि जनप्रतिनिधिहरू प्राविधिकहरूलाई निरन्तर दबाव वा प्रभावमा पारेर भए पनि आफूअनुकूल काम गराएर छोड्नुपर्छ भन्ने मानसिकताबाट ग्रसित देखिन्छन् । त्यसो नभए हमलामै उत्रिन पछि पर्दैनन् । यसरी, नेपालको सन्दर्भमा ठेकेदारको लापरबाही र राजनीतिक नेतृत्वको अदूरदर्शिताको कारण उत्पन्न हुने समस्याहरूको प्रत्यक्ष मार प्राय: इन्जिनियरहरूले भोग्नुपरेको छ । जब कुनै परियोजनामा ढिलाइ हुन्छ वा गुणस्तरमा प्रश्न उठ्छ, सजिलै इन्जिनियरलाई बलि चढाइन्छ ।

### कार्यक्षेत्रगत दुर्घटनाको आँकडामा इन्जिनियर

व्यवसायी र रोजगारीको सन्दर्भमा हेर्दा, नेपालमा इन्जिनियरहरू प्राय: निर्माण, सडक, जलविद्युत्, टेलिकम र सूचनाप्रविधि क्षेत्रमा संलग्न देखिन्छन् । जसमध्ये, सिभिल र इलेक्ट्रिकलमा बढी कार्यक्षेत्रगत जोखिम छन् । विगतमा आफ्नो कर्तव्यपालनाको सिलसिलामा थुप्रै इन्जिनियरले ज्यान गुमाउनुपरेको छ । घाइते र अङ्गभङ्गको संख्या पनि ज्यादा नै छ । केही चर्चित घटनाहरू यहाँ स्मरण गर्न चाहन्छु । दुई वर्ष पहिले मेलम्ची खानेपानी आयोजनाको सुरुङमा परीक्षणका क्रममा एक्कासि गेट खुलेपछि दुई जना इन्जिनियर बेपत्ता भए । सुर्खेत रातानाङ्लामा रहेको मौसमी राडार को अनुगमन गरेर वीरेन्द्रनगरतर्फ फर्किंदै गर्दा कपासेमा जीप दुर्घटना भयो र एक इन्जिनियरको मृत्यु भयो, चार जना घाइते भए । सोलुखुम्बूको दूधकोशी जलविद्युत् आयोजनाको परीक्षण गर्दा दुर्घटना भई दुई इन्जिनियरको ज्यान गयो, एक घाइते भए । लमजुङको दोर्दी 'ख' विद्युत आयोजनाको कामको सिलसिलामा जीप दुर्घटना हुँदा दुई जना इन्जिनियर सहित तीन जनाले ज्यान गुमाए ।

जोखिमपूर्ण कार्य क्षेत्रमा भएका छिटफुट दुर्घटनाहरूको हिसाब नै छैन तर सयौं छन् । यी घटनाहरूले देखाउँछ कि नेपालमा ठूला पूर्वाधार निर्माणदेखि पटके आदिमा कार्यरत इन्जिनियरहरूको जोखिम ज्यादै छ । उनीहरूका लागि थप सुरक्षा नीति र सुविधा छैन । न विशेष दुर्घटना बीमाको व्यवस्था नै छ । नेपाल इन्जिनियर्स एशोसिएसनले दुई वर्ष पहिले सामूहिक दुर्घटना बीमाको खुब हल्ला चलायो तर त्यसको कार्यान्वयन भएको छैन । र, यो एउटा संस्थाले गर्न सम्भव पनि छैन, जहाँसम्म सरकारको पनि साथ मिलेन ।

### चुनौतीका चाङ

नेपालमा इन्जिनियरहरूको कार्यक्षेत्रमा देखिने चुनौतीको बहुरुपी स्वरूप छ, जहाँ उनीहरू केवल प्राविधिक दक्षता वा व्यवस्थापकीय सीपका आधारमा मात्र होइन, राज्यसत्ताको जटिल सञ्जाल, राजनीतिक हस्तक्षेप, भ्रष्टाचार, सामाजिक दबाब र सुरक्षाको खतराबीच निरन्तर संघर्षरत छन् । विकास आयोजनामा स्थानीय नेतादेखि सरकारी अधिकारीसम्मको हस्तक्षेप, अनियमित ठेक्का वितरण, गुणस्तरहीन सामग्रीको जबर्जस्ती आपूर्ति र इन्जिनियरले मापदण्ड अनुसार काम गर्न खोज्दा चरित्रहत्या, अफवाह, हिंसा र ज्यानको जोखिम । यी सबैले इन्जिनियरको पेशागत स्वतन्त्रता, मनोबल र जीवन नै संकटमा पारिरहेका छन् ।

विशेषगरी, स्थानीय तहका अधिकांश पूर्वाधार आयोजनामा इन्जिनियरहरू कमान्डविहीन अवस्थामा देखिन्छन् । जहाँ उनीहरूलाई प्राविधिक निर्णयको अधिकारबाट संकुचित गर्न खोजिन्छ, केवल हस्ताक्षरकर्ता वा पार्टीको म्यानेजर बन्न बाध्य पारिन्छ । जब गुणस्तरहीन काम र सामग्री अस्वीकार गर्छन्, उनीहरूलाई काम अवरुद्ध गरेको, घूस लिएको जस्ता मिथ्या आरोप लगाइन्छ, चरित्रहत्या गरिन्छ र कहिलेकाहीं हिंसात्मक आक्रमणको शिकार बन्नुपर्छ । फिल्ड निरीक्षणमा अनियमितता रोक्न निर्देशन दिएबापत कमिसन नमिलाएर काम अड्काएको आरोप खेप्नुपर्छ । राजनीतिक संरक्षणको अभाव, बेमौसमी सरुवा र मानसिक तनाव, यी सबैले इन्जिनियरको पेशागत जीवनलाई निरन्तर असुरक्षा र डरको यात्रामा परिणत गरेको छ ।

नेपालको निर्माण क्षेत्र, विशेषगरी सार्वजनिक पूर्वाधारमा, राजनीतिक हस्तक्षेप र ठेकेदारको सञ्जाल यति गहिरो छ कि इन्जिनियरले हस्ताक्षर गरे जागिर गुमाउने, नगरे ज्यान गुमाउने स्थितिसम्म आइपुग्छ । पहुँचवालाको गलत काममा हस्ताक्षर नगर्दा अफिसमै थुनिने, ज्यान मार्ने धम्की आउने र अन्तत: पेशा नै त्याग्न बाध्य हुने अवस्था सामान्य जस्तै देखिन्छ । यस्तै, सामाजिक सञ्जालमा चरित्रहत्या, अफवाह र झुटा आरोपको शिकार बन्ने क्रम बढ्दो छ, जसले पेशागत नैतिकता, आत्मबल र सामाजिक सम्मानमा गम्भीर क्षति पुर्‍याएको छ ।

नेपालमा इन्जिनियरहरूको सुरक्षा र ज्यान जोखिमको सबैभन्दा डरलाग्दो प्रतीक बनेका घटनाहरूले राज्य संयन्त्रको कमजोरी, राजनीतिक अस्थिरता र पेशागत असुरक्षाको गहिरो बिम्ब खडा गर्छ । राष्ट्रको पूर्वाधार निर्माण, गुणस्तर र दिगोपनको जिम्मेवारी इन्जिनियरको काँधमा छ । जब अधिकार, सुरक्षा र सम्मानको प्रत्याभूति हुँदैन, तब त्यो राष्ट्रको समृद्धि, सुशासन र न्यायको सपना केवल नारामा सीमित रहन्छ ।

### बहुभूमिकामा इन्जिनियर: जोखिम र जिम्मेवारी

इन्जिनियरहरूको जिम्मेवारी केवल प्राविधिक डिजाइन र निर्माणमा सीमित हुँदैन । यसै पनि इन्जिनियरहरूले नेपालको भौगोलिक र सामाजिक जटिलताका कारण विशेष रूपमा जोखिमपूर्ण जिम्मेवारीहरू सम्हाल्नु परेकै छ । नेपालको हिमाली र पहाडी भूभागमा सडक, पुल र जलविद्युत् परियोजनाहरू निर्माण गर्नु आफैंमा चुनौतीपूर्ण छ । यी क्षेत्रहरूमा प्राकृतिक जोखिमहरू, जस्तै पहिरो, भूकम्प र बाढी सधैं उपस्थित हुन्छन् । यसका बाबजुद आफ्नो जिम्मेवारीबाट पन्छिने छुट छैन, हुँदैन । सँगसँगै, स्थानीय समुदायसँग समन्वय गर्नुपर्छ ।

नेताका कुरा नसुनी सुख हुँदैन । उपभोक्ता, ठेकेदारका सदाबहार गुनासा हुन्छन्- घाटा भयो तर भनेको तैंले डुबाइस हो । निर्माणमा कुनै सानो त्रुटि भएमा त्यसको दोष इन्जिनियरमाथि आउँछ र यो दोष प्राय: राजनीतिक दबाव वा झुटा आरोपको रूपमा प्रकट हुन्छ । २०७२ सालको भूकम्पपश्चात् पुनर्निर्माणको जिम्मेवारी सिभिल इन्जिनियरहरूको काँधमा आएको थियो । तर उनीहरूले यो जिम्मेवारी पूरा गर्ने क्रममा धेरै जोखिम मोल्नुपरेको थियो । यस्तै, इन्जिनियरले अन्तर्राष्ट्रिय मापदण्ड अनुसार डिजाइन गरे पनि प्राकृतिक विपद्को अप्रत्याशित शक्तिका कारण हुने क्षतिको लागि उनीहरूलाई दोषी ठहराइन्छ ।

### निजी क्षेत्रका इन्जिनियरहरूको पीडा

निजी क्षेत्रका इन्जिनियरहरूले पनि कम जोखिम मोल्नुपरेको छैन । उनीहरूले प्राय: निजी ठेकेदार, व्यापारी र स्थानीय समुदायसँग प्रत्यक्ष रूपमा काम गर्नुपर्छ, जसले उनीहरूलाई विभिन्न खालका दबाब र जोखिममा पार्छ । निजी क्षेत्रमा कार्यरत इन्जिनियरहरूले प्राय: ठेक्कापट्टा र व्यापारिक हितसँग जोडिएका परियोजनाहरूमा काम गर्छन्, जसले गर्दा उनीहरू ठेकेदारहरूको दबाबमा पर्ने गर्छन् । निजी कम्पनीहरूमा काम गर्ने इन्जिनियरहरूलाई कहिलेकाहीं सरकारी अधिकारी र स्थानीय राजनीतिक नेताहरूबाट दुर्व्यवहार सहन गर्नुपर्छ । कहिलेकाहीं उनीहरूलाई राजनीतिक दलका कार्यकर्ताहरूबाट धम्की र हातपातसम्म सहन गर्नुपर्छ । यिनीहरूको खास अधिकार, आर्थिक तथा सामाजिक सुरक्षा पनि हुँदैन । र कुनै संयन्त्र पनि छैन । उनीहरूको जागिरको स्थायित्वको ग्यारेन्टी हुँदैन । त्यसैले काम गुमाउने डर सधैं रहन्छ र यदि कुनै समस्या आयो भने उनीहरूलाई बलिको बोका बनाइन्छ ।

### कहाँ छ इन्जिनियरिङ पेशाको गरिमा ?

नेपाल इन्जिनियर्स एशोसिएसन (एनईए) केन्द्र र सातै प्रादेशिक समितिले एशोसिएसनको ६३औं इन्जिनियरिङ दिवस साउन ३ गते धुमधामसाथ मनाउने तयारी गर्दैछन् । यो दिवस हरेक वर्ष मनाइन्छ । पुराना माग र नारा दोहोरिरहन्छन् । खास उपलब्धि सुन्न पाइँदैन । त्यसैले 'एनईए' लगायत इन्जिनियरहरूका व्यावसायिक संस्थाहरू पनि कमजोर भएको महसुस हुन्छ । नेपाल इन्जिनियर्स एशोसिएसन जस्ता संस्थाहरूले आफ्ना सदस्यहरूको अधिकार र सुरक्षाको लागि प्रभावकारी भूमिका खेल्न सकेको महसुस हुँदैन । चुनावी रौनकमा कस्मेटिक नारा मिठा हुन्छन्, चुनावको हारजित सँगै हराउँछन् ।

इन्जिनियरका आधिकारिक संस्थाहरूले आवश्यक कारबाहीमा चासो नदिंदा, समयमै पहलकदमी नलिंदा र राज्य प्रशासनले कारबाहीमा उचित ध्यान नदिंदा पटक-पटक कार्यस्थलमै खटिएका इन्जिनियरहरू कुटिंदै आएका छन् । कुनै इन्जिनियर कुटिएपछि कारबाहीका लागि दबाब दिनु, सुरक्षाको ग्यारेन्टी गर्न सरकारसमक्ष माग गर्नु इन्जिनियर्स एशोसिएसनको कर्मकाण्ड जस्तै देखिन्छ । यसले इन्जिनियरहरूलाई एक्लो र असहाय महसुस गराएको छ ।

इन्जिनियर्स एशोसिएसनले अब केवल परम्परागत संवाद र दबाबमा सीमित नरही, सक्रिय र हस्तक्षेपकारी भूमिका निर्वाह गर्नुपर्छ । यसले इन्जिनियरहरूको सुरक्षामा प्रत्यक्ष संलग्न भएर घटनास्थलमा पुगेर समस्या पहिचान, तत्काल कारबाहीका लागि प्रशासनमा दबाब सिर्जना र कानूनी प्रक्रियामा सघाउ पुर्‍याउन सक्नुपर्छ । साथै, एशोसिएसनले सरकारी निकायहरूमा प्रभावकारी लबिङ गर्दै नीतिनिर्माणमा सक्रिय सहभागिता जनाउनुपर्नेछ ।

सदस्यहरूको मनोबल उच्च राख्न र दुर्व्यवहार रोक्न निरन्तर सचेतना अभियान, प्रशिक्षण र न्यायिक सहयोगको व्यवस्था गर्नुपर्छ । यसरी मात्र एशोसिएसनले आफ्नो भूमिका उच्चतम स्तरमा पुर्‍याउँदै इन्जिनियरहरूको अधिकार र सुरक्षामा ठोस प्रभाव पार्न सक्छ । यस्तै, सरकारी नीति निर्माणमा इन्जिनियरहरूको सहभागितालाई बेवास्ता गरिने गरेको छ । प्राविधिक विषयहरूमा पनि राजनीतिक निर्णय गरिने र इन्जिनियरहरूको सुझावलाई नगण्य मानिने प्रवृत्ति बढेको छ । यसले देशको पूर्वाधार विकासमा नकारात्मक प्रभाव पारेको छ ।

### इन्जिनियर सुध्रिनुपर्ने पाटो

योजना व्यवस्थापनको जिम्मा इन्जिनियरकै हो । इन्जिनियर सामूहिक कार्यमा सहभागी हुनुपर्छ । उसले कार्यालय, कार्यक्षेत्रका शङ्का, अविश्वास निवारण गर्नुपर्छ । कुशल तवरले ठेक्का लगाउने, रायसल्लाह दिने, आय टिपोट गर्ने वा संशोधन गर्नुपर्ने भए ठेक्का संशोधन गर्नुपर्छ । योजनाबारे आयोजना प्रमुखसँग पनि छलफल, परामर्श गर्नुपर्छ । त्यस्तै ऐन-नियमको पालना गर्ने-गराउने, उपभोक्ता समितिलाई कार्यको प्राविधिक कुरा र कानूनी पाटोका आवश्यक कागजातबारे जानकारी गराउने काम उसले गर्नुपर्छ ।

आफू मातहतका कर्मचारीलाई आवश्यक निर्देशन दिने र प्रतिक्रिया लिइराख्ने, विवादहरू मिलेर समाधान गराउन अग्रसर हुनुपर्छ । निर्माण व्यवसायी प्रतिनिधिलाई बिड डकुमेन्ट पढ्न लगाउने महत्त्वपूर्ण आधारबारे जानकारी दिने गर्नुपर्छ । अग्रज इन्जिनियरसँग अनुभव साटिराख्ने, योजनाका हिस्सेदारहरू र प्रतिनिधिसँग सम्पर्कमा रही फोनको रेस्पोन्स गर्नुपर्छ । समय समयमा साइट अनुगमन, पेटी ठेकेदार वा श्रमिकसँग भलाकुसारी गर्ने, त्रुटिपूर्ण कार्यलाई निरुत्साहित गर्ने, राम्रो कार्यको प्रशंसा गर्न नहिचकिचाउने हुनुपर्छ । उसले पेशागत बुद्धि विकासमा ध्यान दिने, सम्मान दिने-लिने र आफ्नो भूमिकाप्रति सधैं खुसी रही देश निर्माणमा सरिक हुनुपर्छ ।

अत: सबै क्षेत्रमा पूँजीगत खर्च कम भइराखेको अवस्थामा सरकारी र निजी क्षेत्रका इन्जिनियरहरू, कन्सल्टेन्ट वा निर्माण कम्पनी इन्जिनियरले आफ्नो मनोबल उच्च राख्नु अति आवश्यक छ । इन्जिनियरले पेशालाई सम्मान गर्न-गराउन यस्ता सामान्य कुरामा ध्यान दिने हो भने यस्ता घटनाहरू पक्कै कम भएर जान्छन् ।

### सुझाव र समाधानको दिशा

यो गम्भीर समस्याको समाधानका लागि बहुपक्षीय दृष्टिकोण आवश्यक छ । यसका लागि तत्काल र दीर्घकालीन दुवै किसिमका उपायहरू आवश्यक छन् । सर्वप्रथम, सरकारले इन्जिनियरहरूको सुरक्षा र सम्मानको ग्यारेन्टी गर्नुपर्छ । इन्जिनियरहरूलाई कार्यस्थलमा सुरक्षा प्रदान गर्न कानूनी संरक्षण र कार्यान्वयनमा जोड दिनुपर्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणको जिम्मेवारी दिएको छ, जसलाई कार्यस्थलको सुरक्षामा पनि विस्तार गर्न सकिन्छ । राजनीतिक हस्तक्षेपबाट मुक्त प्राविधिक वातावरण सिर्जना गर्नुपर्छ । इन्जिनियरहरूलाई उनीहरूको व्यावसायिक निर्णय लिन स्वतन्त्रता दिनुपर्छ ।

समाजमा इन्जिनियरहरूको सम्मान र महत्व बढाउन जनचेतना कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ । मिडियामा इन्जिनियरहरूको सकारात्मक चित्रण गर्नुपर्छ । उनीहरूका गल्तीहरूको मात्र होइन उपलब्धिहरूलाई पनि उजागर गर्नुपर्छ । इन्जिनियरहरूलाई झुटा आरोप र दुर्व्यवहारबाट जोगाउन पारदर्शी छानबिन प्रक्रिया र मिडियामा तथ्यमा आधारित समाचार प्रवाहको व्यवस्था गर्नुपर्छ । निजी क्षेत्रका इन्जिनियरहरूका लागि सामाजिक सुरक्षा र बीमाको व्यवस्था अनिवार्य गर्नुपर्छ, जसले उनीहरूको आर्थिक र शारीरिक सुरक्षालाई सुनिश्चित गर्छ ।

यस्तै, व्यावसायिक संस्थाहरूलाई बलियो बनाउनुपर्छ । नेपाल इन्जिनियर्स एशोसिएसनलाई कानूनी अधिकार दिएर इन्जिनियरहरूको अधिकार संरक्षणमा प्रभावकारी भूमिका खेल्न सक्ने बनाउनुपर्छ । इन्जिनियरहरूका लागि छुट्टै न्यायिक संयन्त्रको व्यवस्था गर्नुपर्छ । शिक्षा र तालिमको गुणस्तर वृद्धि गर्नुपर्छ । इन्जिनियरिङ शिक्षालाई अन्तर्राष्ट्रिय मापदण्डमा पुर्‍याउनुपर्छ । इन्जिनियरहरूको पेशागत सम्मान र मानसिक स्वास्थ्यलाई प्राथमिकता दिन तालिम, काउन्सेलिङ र सामुदायिक जागरूकता कार्यक्रमहरू जस्ता व्यावसायिक विकासका कार्यक्रमहरू निरन्तर सञ्चालन गर्नुपर्छ । यस्ता प्रयासहरूले इन्जिनियरहरूलाई आफ्नो जिम्मेवारी निर्वाह गर्न प्रेरित गर्नेछ । इन्जिनियरहरूलाई नवीन प्रविधि र ज्ञानसँग अद्यावधिक राख्न सहयोग गर्नुपर्छ । पारिश्रमिक र सुविधाको संरचना सुधार गर्नुपर्छ । इन्जिनियरहरूको तलब अन्तर्राष्ट्रिय बजारसँग तुलनीय बनाउनुपर्छ । उनीहरूका लागि विशेष बीमा योजना र सेवानिवृत्त कोषको व्यवस्था गर्नुपर्छ ।

इन्जिनियरहरू विरुद्धका झुटा आरोपको छिटो र प्रभावकारी अनुसन्धान र कारबाहीको कानूनी व्यवस्था कार्यदेखि असल नियतले गरिएका प्राविधिक निर्णयहरूको लागि कानूनी उन्मुक्ति अर्थात् सम्बन्धित निर्णयका लागि उनीहरूको कानूनी संरक्षणको व्यवस्था गरिनुपर्छ । यसले उनीहरूलाई न्यायोचित कार्य गर्ने स्वतन्त्रता दिनेछ । हामीले यो समस्यालाई गम्भीरताका साथ लिनुपर्छ र समयमै समाधानका उपायहरू खोज्नुपर्छ । इन्जिनियरहरूको सम्मान र सुरक्षा सुनिश्चित गर्नु भनेको देश विकासको आधार शिला बलियो बनाउनु हो । यदि हामीले आजै यसतर्फ गएनौं भने भोलि हाम्रो देशको समग्र विकासमा गम्भीर संकट आउनेछ ।

अन्त्यमा,

इन्जिनियरहरूले सामना गरिरहेको समस्या एकल कारणले आएको होइन । यो दुर्बल राज्य संरचना, सर्वव्यापी राजनीतीकरण, गहिरिएको अनियमितता, कानूनको शिथिल कार्यान्वयन, व्यावसायिक नैतिकताको अभाव, सामाजिक चेतनाको कमी र इन्जिनियरहरूका लागि संस्थागत संरक्षणको घोर अभाव जस्ता धेरै कारकको जटिल गाँठो हो ।

*(साभार: अनलाइनखबर)*

# काठमाडौं महानगरको बजेट: खर्च आधा, विनियोजन दोब्बर

काठमाडौं/काठमाडौं महानगरपालिकाको बजेट खर्च विनियोजनको तुलनामा आधामात्र भएको देखिएको छ । चालु आर्थिक वर्ष २०८१/८२ मा नगरसभाले पारित गरेको २४ अर्ब ९० करोड ६३ लाख २५ हजार रुपैयाँ बजेटमध्ये २५ असारसम्म १३ अर्ब ३ करोड ७४ लाख ६० हजारमात्र खर्च हुन सकेको उपप्रमुख सुनिता डंगोलले जानकारी दिइन् । तर, आगामी आर्थिक वर्षका लागि यो वर्षको खर्चको दोब्बर रकम अर्थात् २५ अर्ब ७६ करोडको बजेट महानगरले ल्याएको छ ।

आइतबार आगामी आव २०८२/८३ को बजेट नगरसभामा प्रस्तुत गर्दै उनले २५ असारसम्म विनियोजनको ५२.१३ प्रतिशतमात्र खर्च भएको जानकारी दिइन् । यस वर्ष पूँजीगत बजेट ५० प्रतिशतभन्दा पनि कम खर्च भएको छ । चालु बजेट ६३.४२ प्रतिशत खर्च भएको छ । महानगरले पूँजीगत बजेट १५ अर्ब ६ करोड ५६ लाख विनियोजन गरेको थियो । यसमध्ये २५ असारसम्म ६ अर्ब ७३ करोड ७४ लाखमात्र खर्च हुन सकेको छ । जुन लक्ष्यको ४४.७२ प्रतिशत हो ।



चालु खर्चतर्फ महानगरले ९ अर्ब ८२ करोड २० लाख ५० हजार विनियोजन गरेकोमा २५ असारसम्म ६ अर्ब २२ करोड ९९ लाख ८० हजार खर्च भएको छ । जुन कुल बजेटको ६३.४२ प्रतिशत हो । आवको पछिल्लो ६ महिना काठमाडौं महानगरपालिका कर्मचारी र जनप्रतिनिधि प्रमुखबीचको आन्तरिक किचलोमा फस्यो । त्यसको प्रत्यक्ष असर बजेट कार्यान्वयनमा देखिएको छ ।

त्यसो त महानगरले आव २०८०/८१ मा समेत विनियोजनको ५१.०३ प्रतिशतमात्र बजेट खर्च गर्न सकेको थियो । त्यसबेला २४ अर्ब १८ करोड ७८ लाख ८२ हजार बराबर बजेट ल्याएकोमा खर्च भने १२ अर्ब ३४ करोड ५३ लाख १२ हजार गर्न सकेको तथ्यांक छ । उक्त आवमा कुल ४ हजार २ सय ९९ योजना/कार्यक्रममध्ये ९ सय ८८ योजना तथा कार्यक्रममा शून्य प्रगति भएको महालेखा परीक्षकको तथ्यांकले देखाएको छ ।

क्षेत्रगत हेर्दा पनि चालु आव महानगरको बजेट खर्च सबै क्षेत्रमा विनियोजनको तुलनामा दयनीय देखिन्छ । उप्रमुख डंगोलका अनुसार आर्थिक विकास क्षेत्रतर्फ कुल ७४ करोड ३९ लाख ८१ हजार विनियोजन भएकोमा ३७.६९ प्रतिशतमात्र खर्च भएको छ । सामाजिक क्षेत्रतर्फ कुल विनियोजन ५ अर्ब ४२ करोड ३० लाख ४८ हजार भएकोमा ४७.९२ प्रतिशतमात्र खर्च देखिन्छ ।

पूर्वाधारमा ११ अर्ब ३९ करोड ३९ लाख १७ हजार रुपैयाँ विनियोजन गरिएकोमा ५२.५२ प्रतिशतमात्र खर्च भएको छ । सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा ३ अर्ब २४ करोड ५२ लाख ५१ हजार विनियोजन भएकोमा २८.८ प्रतिशत रकम खर्च भएको छ । त्यस्तै कार्यालय सन्चालन तथा प्रशासनिक क्षेत्रमा ४ अर्ब २० करोड २४ लाख ५२ हजार रुपैयाँ विनियोजन भएकोमा ७७.०२ प्रतिशतमात्र खर्च भएको छ ।

**लक्ष्यभन्दा धेरै टाढा राजस्व संकलन**

उता, राजस्व संकलनमा समेत महानगर लक्ष्यभन्दा धेरै टाढा रहेको देखिन्छ । महानगरले चालु आव आन्तरिक राजस्वमात्र ८ अर्ब ३ करोड ५७ लाख उठाउने लक्ष्य राखेको थियो । २५ असारसम्म ५ अर्ब ४९ करोड ८८ लाखमात्र संकलन भएको तथ्यांक महानगरको नगरसभामा प्रस्तुत गरिएको छ । प्रदेश र संघबाट राजस्व बाँडफाँटबाट आउने रकमसहित यस वर्ष कुल १२ अर्ब ९० करोड राजस्व आम्दानी हुने अनुमान गरिएकोमा वर्षान्तको अन्त्यसम्म मात्र १० अर्ब ९ करोड ८५ लाख उठेको छ ।

जुन लक्ष्यको ७८.२४ प्रतिशतमात्र राजस्व आम्दानी भएको छ । आन्तरिक अनुदान (समानीकरण र ससर्त) भने लक्ष्यको ९८.४६ प्रतिशत प्राप्त भएको तथ्यांक छ ।

**सामान्य बढेर आयो नयाँ बजेट**

आगामी आव २०८२/८३ सुरु हुन ४ दिन बाँकी रहँदा महानगरले आगामी आवको बजेट सार्वजनिक गरेको छ । महानगरले २५ अर्ब ७६ करोड ४३ लाख ४१ हजार रुपैयाँ बराबरको बजेट सार्वजनिक गरेको छ । यसमध्ये २५ अर्ब ११ करोड ४३ लाख सञ्चित कोषमा व्ययभार पर्ने र वाह्य व्ययभार हुने ६५ करोड सहित नयाँ बजेट सार्वजनिक गरेको उपप्रमुख डंगोलले जानकारी दिइन् । यो बजेट ३२ असारका दिन पारित गर्ने योजना छ । १ साउनदेखि नयाँ बजेट कार्यान्वयनमा जान्छ ।

आगामी आवका लागि महानगरले आन्तरिक आय र बैंक मौज्दातबाट २० अर्ब १२ करोड स्रोत जोहो हुने र विभिन्न प्रकारका अनुदान र राजस्व बाँडफाँटबाट ४ अर्ब ९८ करोड ७९ लाख स्रोत जुट्ने अनुमान गरेको छ । क्षेत्रगत रूपमा आर्थिक विकासमा कुल बजेटको ३ प्रतिशत अर्थात् ७५ करोड ३४ लाख ३० हजार रुपैयाँ प्रस्ताव गरिएको छ ।

सामाजिक विकासमा २० प्रतिशत (५ अर्ब २ करोड २८ लाख), पूर्वाधार विकासमा ५१ प्रतिशत (१२ अर्ब ८० करोड ८३ लाख) र सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा १२ प्रतिशत (३ अर्ब १ करोड ३७ लाख) विनियोजन गरिएको छ । कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा १४ प्रतिशत अर्थात् ३ अर्ब ५१ करोड ६० लाख राखिएको छ ।

आगामी आव काठमाडौं महानगर क्षेत्रभित्रका पूर्वाधार योजनालाई उच्च प्रथामिकतामा राखिएको डंगोलले बताइन् । फोहोरमैला व्यवस्थापन, विद्यालय शिक्षा प्रणालीमा सुधार, सुशासन प्रवर्द्धन, सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको क्षमता वृद्धि, एक वडा एक उद्यम कार्यक्रमलाई प्रवर्द्धन गरी रोजगारी र आयवृद्धि गर्ने कार्यक्रम समेत महानगरको प्राथामिकतामा छन् ।

काठमाडौं महानगर क्षेत्रभित्र ध्वनि प्रदूषण कम गर्ने, सार्वजनिक यातायात व्यवस्थित गर्ने, महानगर क्षेत्रभित्रका ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्त्व बोकेका मठ, मन्दिर, बहाल, पोखरी, हिटी, वहा: वही, ननी लगायत सम्पदास्थल संरक्षण र प्रवर्द्धनमा समेत बजेट राखिएको छ ।

**नीति तथा कार्यक्रम कस्तो ?**

आइतबार नै नगरसभामा मेयर बालेन्द्र (बालेन) साहले काठमाडौं महानगरपालिकाको आगामी आवको नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए । उनले काठमाडौंको ऐतिहासिकता, सांस्कृतिक सम्पदा र सहरी सभ्यताको त्रिवेणीबाट आगामी आवको नीति तथा कार्यक्रम तर्जुमा गरिएको बताए ।

परिवर्तित परिवेश र काठमाडौंवासीको उत्कृष्ट चाहना सम्बोधन गर्ने लक्ष्य राखी तयार गरिएको समेत उल्लेख गरे । काठमाडौं महानगरलाई समावेशी, सुशासनयुक्त, प्रविधिमैत्री, सुरक्षित, वातावरणमैत्री र नवप्रवर्तनमुखी स्मार्ट सहरमा रूपान्तरण गरिने उनको भनाइ छ ।

स्थानीय उत्पादन, रोजगारी, उद्यमशीलता र लगानीमैत्री वातावरण प्रवर्द्धन गर्दै समावेशी आर्थिक विकासको आधार सुदृढ गरिने घोषणा उनले गरे । एक वडा एक उत्पादन नीति लिइने बताए । सामुदायिक विद्यालयमा स्पोर्ट्स एकेडेमी, डिजिटल कक्षा, एसटीईएम शिक्षा र उद्यमशीलता क्लब स्थापना गरिने बताए । अपाङ्गता, अटिज्म र फरक क्षमता भएका विद्यार्थीका लागि विशेष शिक्षण केन्द्र र पहुँच अनुकूल पूर्वाधार निर्माण गरी समग्र शैक्षिक सुधारका लागि कार्यक्रम ल्याउने घोषणा मेयर साहले गरे ।

आधारभूत स्वास्थ्य सेवा सर्वसुलभ, गुणस्तरीय र प्रविधिमैत्री बनाइ सबै नगरवासीसम्म पुर्‍याइने उनले बताए । काठमाडौं महानगर को मौलिक कला, संस्कृति, भाषा र सम्पदा संरक्षण, पुनर्स्थापना तथा नवप्रवर्तन मार्फत डिजिटल प्रविधि उपयोग, सामुदायिक सहभागिता, लाइभ हेरिटेज अनुभव, रात्रिकालीन पर्यटन र वातावरणमैत्री जस्ता कार्यक्रम मार्फत पर्यटकीय पूर्वाधार प्रवर्द्धन गरिने उनले बताए ।

दिगो, समावेशी र प्रविधिमैत्री सहरी पूर्वाधार निर्माणका लागि डिजिटल नक्सांकन, सेवा बिन्दुहरूका लागि आफ्नै पूर्वाधार, स्मार्ट सडक तथा ट्राफिक प्रणाली, खुला चोक र पैदलमैत्री क्षेत्र विकास, भूमिगत तथा एकीकृत सञ्चार प्रणाली विस्तार, स्मार्ट स्ट्रिट लाइट जडान, साना सहरी पार्क निर्माण, नवीनतम निर्माण प्रविधि प्रयोग गरिने उनको भनाइ छ ।

*(स्रोत: अनलाइनखबर)*

# मोफसलका दर्शक फकाउँदै पल र बेनिशा



काठमाडौं/अभिनेता पल शाह र अभिनेत्री बेनिशा हमालले पहिलो पटक सहकार्य गरेको फिल्म 'मोहर' आगामी साउन २३ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ । दुई गीत र टिजरका कारण फिल्मप्रति दर्शकको चासो बढिरहँदा अब निर्माण टिमले मोफसल केन्द्रित प्रचार अभियान सुरु गरेको छ । त्यसको सुरुवात नेपाली फिल्मको ठूलो बजारमध्ये एक मानिने बुटवलबाट भएको छ ।

आइतबार पल र बेनिशाले बुटवलको नवीन औद्योगिक कदर बहादुर रीता मा.विका विद्यार्थीहरूसँग साक्षात्कार गर्दै फिल्म हेर्न निम्तो दिए । चार सय बढी विद्यार्थीहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा पलको क्रेज लोभलाग्दो देखिएको थियो । उनलाई देखेपछि युवतीहरू चिच्याउँदै अंकमाल गर्न स्टेज नै पुगेका थिए । उनीसँग सेल्फी खिच्न पनि तछाडमछाड चलेको थियो ।

उक्त कार्यक्रममा पलले विद्यार्थी र शिक्षकहरूमाझ उपस्थित हुन पाउँदा आफ्नो विद्यार्थी जीवनको याद आएको बताए । उनले विद्यार्थीहरूलाई पठनपाठन अब्बल बनाउँदै आफ्नो रुचि अनुसारको पेशा अंगाल्न सुझाव दिएका छन् । उनले 'मोहर' सामाजिक कथावस्तुमा आधारित भएर बनेकाले परिवार सहित फिल्म हेर्न पनि आग्रह गरे ।

नवीन मा.विपछि पल र बेनिशाले बुटवलको कालिकानगर स्थित क्षितिज इन्टरनेशनल कलेजमा पुगेर त्यहाँका विद्यार्थीमाझ पनि फिल्मको प्रचार गरेका छन् । शनिबार भने उनीहरू बुटवलमा आयोजित रोट्राक्ट क्लब (डिस्टिक ३२९२)को १८औं स्थापना समारोहमा सहभागी भएका थिए । यसरी हेर्दा 'मोहर' टिमले प्रचारका लागि कुनै पनि थलो नछाड्ने योजना बनाएको देखिन्छ ।

देउकी प्रथामा आधारित भएर बनेको यो फिल्ममा पल र बेनिशासहित नीति शाह, अर्जुन जंग शाही, रवीन्द्र झा, मिथिला शर्मा, लक्ष्मी गिरी, मिस पबी लगायतको अभिनय रहेको छ । ओम प्रतिकको लेखन तथा निर्देशन र चुम्बन जंग शाहीको लगानीमा बनेको फिल्ममा दिपेन बस्न्यातको छायांकन तथा सुरेश अधिकारी, एसडी योगी र थानेश्वर गौतमको संगीत रहेको छ ।

# फिल्ममा वर्षाको उच्च माग, 'जहाजैमा'मा पनि भित्रिइन्

काठमाडौं/यस्तो लाग्छ, 'छक्का पन्जा ५'को सफलतापछि अभिनेत्री वर्षा सिवाकोटीको भाग्य नै बलेको छ । अहिले उनको फिल्ममा उच्च माग देखिन्छ । एकपछि अर्को फिल्ममा उनी अनुबन्धित भइरहेकी छन् । फिल्ममा माग बढेसँगै उनले पारिश्रमिक पनि बढाएको चर्चा छ । यतिबेला नयाँ फिल्म 'माग्ने राजा' को प्रचारमा व्यस्त रहेकी वर्षाले साउनपछि काम गर्नुपर्ने फिल्मको संख्या मात्र चार पुगेको छ ।



'कार्की साइँला', 'महाराजधिराज' र 'गोबर गणेश' सम्झौता गरेर बसेकी उनी शनिबार अर्को फिल्म 'जहाजैमा'मा अनुबन्धित भएकी छन् । 'पिताम्बर' निर्देशक कृषा चौलागाईंको निर्देशनमा बन्न लागेको यो फिल्ममा वर्षालाई मुख्यमध्ये एक भूमिकामा अनुबन्ध गरिएको जनाइएको छ । कथा र कलाकारसहितको टिम राम्रो लागेका कारण फिल्ममा आफू आबद्ध भएको उनले बताएकी छन् ।

यो फिल्ममा वर्षाभन्दा अघि केदार घिमिरे 'माग्ने बुढा', सौगात मल्ल, कर्मा शाक्य र जापानी अभिनेत्री रुजेल इचिमिया अनुबन्धित भइसकेका छन् । अन्य कलाकारको छनोट अन्तिम चरणमा रहेको निर्माण पक्षले जानकारी दिएको छ । उज्ज्वल गुरागाईंको लगानीमा बन्न लागेको फिल्ममा अभिमन्यू निरवीको कथा लेखन छ भने छायाङ्कनको जिम्मेवारी पुरूषोत्तम प्रधानलाई दिइएको छ ।

केपी फिल्म्ससँगको सहकार्यमा यूएनए प्रोडक्सनले निर्माण गर्न लागेको फिल्मको छायांकन आउँदो भदौ महिनाबाट जापानमा सुरु हुनेछ । जापानपछि नेपाल र फिलिपिन्समा छायांकन गरिने फिल्मको अहिले प्रि-प्रोडक्सनको काम भइरहेको छ । छायांकन सुरु नहुँदै निर्माण पक्षले आगामी फागुन १ गतेलाई प्रदर्शन मिति घोषणा गरि सकेको छ । यो मितिमा अरू तीन फिल्म पनि आउँदैछन् ।

# भारतमा मजदुरी गरेर पक्की घर बनाएकी कमलाको छाउगोठमा गयो ज्यान

धनगढी/कञ्चनपुरको कृष्णपुर नगरपालिका-१ निगालीकी २८ वर्षीया कमला आउजी गत वैशाखमा भारतबाट फर्किएकी थिइन् । श्रीमानसँगै भारतमा मजदुरी गर्दै आएकी कमला छोरालाई पढाउन भनेर घर फर्किएकी हुन् । उनका ६, ८ र १२ वर्षीय छोराहरू विद्यालय भर्ना भएर पढिरहेका थिए । भारतमा मजदुरी गरेर जोहो गरेको पैसाले कमलाले कृष्णपुरमा हालै एक तले पक्की घर पनि बनाएकी थिइन् ।

शुक्रबार साँझ कमला आउजीलाई महिनावारी भयो । छाउ बार्ने परम्पराअनुसार उनी महिनावारी भएका बेला छाउगोठमा बस्दै आएकी थिइन् । घर नजिकै कच्ची छाउकोठ पनि बनाइएको थियो । तर, शुक्रबार भने उनी आफ्नो घरको आगनमै बनाइएको छाउगोठ पानी परेपछि चुहिने भएकाले बसिनन् । नातामा जेठाजु समेत पर्ने छिमेकी सुके आउजीको घरमा बनाइएको छाउगोठमा सुत्न गएकी थिइन् । तीन छोरालाई घरमा सुताएर छाउगोठमा सुत्न गएकी कमलालाई सुतेकै बेला सर्पले डस्यो । बाँया गालामा सर्पले डसेको थाहा पाएपछि उनले छरछिमेकीलाई खबर गरेकी थिइन् । बोल्न सक्ने अवस्थामै रहेकी कमलालाई डसेको करेत सर्प उनको विस्तरा नजिकै हिंडिरहेको अवस्थामा भेटिएको भिडियो समेत स्थानीयले बनाएका थिए ।

उनका छिमेकी सुचित्र शाहकाअनुसार राति करीब साढे १२ बजे सर्पले कमलालाई डसेको कुरा थाहा भएको थियो । उनलाई तत्कालै अटो रिक्सा खोजेर उपचारका लागि सेती प्रादेशिक अस्पताल ल्याइएको थियो ।

प्रादेशिक अस्पतालमा बिरामीको चापका कारण आईसीयू र भेन्टिलेटर खाली थिएनन् । झन्डै डेढ घण्टापछि कमलालाई आईसीयूमा राखेर उपचार सुरु गरिएको शाह बताउँछन् । 'सर्पले डसेपछि राति नै हामीलाई खबर गरिएको थियो । हामीले तत्काल अटोरिक्सामा राखेर प्रादेशिक अस्पताल पुगाएका थियौं', शाहले भने, 'त्यहाँ आईसीयू र भेन्टिलेटर खाली थिएन । डेढ घण्टापछि मात्र आईसीयूमा राखिएको थियो । तर उहाँलाई बचाउन सकेनौ । ।' बेलैमा उपचार नहुँदा अन्तत: कमलाको शनिबार साँझ ८ बजे निधन भयो ।

महिनावारी भएकै कारण छाउगोठमा सुतेका बेला आउजीलाई सर्पले डसेपछि उनका तीन छोराहरु टुहुरा भएका छन् । श्रीमतीको अल्पायुमै मृत्यु भएको खबरपछि उनी अन्तिम संस्कारका लागि घर फर्किरहेका छन् । मृतक कमलाको शव भने सेती प्रादेशिक अस्पतालको शव गृहमा राखिएको छ । पुरनले आफू घर पुगेपछि शव बुझ्ने बताइएको छ । पुर्ख्यौली घर अछामको मेल्लेख गाउँपालिका-८ भएकी कमला आउजी महिनावारी भएका बेला घरमा सुत्यो भने देवता रिसाउँछन् भन्ने अन्धविश्वासका कारण छाउगोठमा सुतेकी थिइन् ।

कृष्णपुर नगरपालिकाका मेयर हेमराज ओझाले छाउपडी भएका बेला छाउगोठमा सुत्ने गलत मान्यतालाई चिर्न गत वर्षदेखि सचेतनामुलक अभियान चलाइएर गोठ भत्काउने काम समेत गरिएको बताउँछन् । तर, ग्रामीण क्षेत्रमा अहिले पनि छाउगोठमा बस्ने परम्परा कायमै रहेका कारण दु:खद् घटना हुन पुगेको उनी बताउँछन् ।

'हामीलाई बालमैत्री वडा घोषणा गर्ने क्रममा छाउपडी कुप्रथाले समस्याका रुपमा देखा परेको थियो । त्यसपछि वडाहरुमा छाउपडी कुप्रथाविरुद्ध सचेतनामुलक कार्यक्रम सञ्चालन गरेका थियौं,' ओझाले भने, 'वडा नम्बर १ को कुमगडामा केही छाउगोठ भत्काइएको थियो तर अझै यो प्रथा कायमै हुँदा दु:खद घटना व्यहोर्नुपर्‍यो ।'

मेयर ओझाकाअनुसार अगामी आर्थिक वर्ष नगरपालिकामा छाउपडी कुप्रथाविरुद्ध सचेतनामुकल अभियान नै चलाउने गरि नीति तथा कार्यक्रममा समेटिएको छ । पुर्ख्यौली घर अछाम भएका समुदायमा अहिले पनि छाउपडी भएका बेला महिला तथा किशोरीहरुलाई छाउगोठमा राख्ने गलत परम्परा कायम रहेको पनि उनी बताउँछन् ।

आउजी दमाइ महिनावारी भएकै कारण छाउगोठमा बसेका बेला सर्पको डसाईबाट अकालमै मृत्युवरण गर्ने एक्लो महिला भने होइनन् । छाउपडी कुप्रथाका कारण सुदूर पश्चिम प्रदेशका विभिन्न जिल्लामा छाउगोठमा बसेका बेला क्यौं किशोरी, युवती तथा महिलाहरुले अकालमै ज्यान गुमाएका छन् ।

२३ साउन २०८० मा बैतडीमा छाउगोठमा सुतेका बेला १६ वर्षीया किशोरीले अकालमै ज्यान गुमाएकी थिइन् । पञ्चेश्वर गाउँपालिका-४ को फ्याउलीकी १६ वर्षीया अनिता चन्दको सर्पले डस्दा मृत्यु भएको थियो । सरकारले सुदूर पश्चिम र कर्णाली प्रदेशमा छाउपडी कुप्रथा उन्मूलन गर्ने नीतिअनुसार छाउगोठ भत्काउने अभियान नै चलाएको थियो । प्रदेश प्रहरी कार्यालयको तथ्यांकअनुसार सुदूर पश्चिमका ७ जिल्लामा ७ हजार ५४५ छाउगोठ भत्काएको थियो ।

अभियानका क्रममा कञ्चनपुरमा मात्र २३० घर छाउगोठ भत्काएको थियो । सबैभन्दा धेरै अछाममा ५८१३ छाउगोठ भत्काइएको प्रहरीको तथ्यांक छ । बाजुरामा ५५७, डोटीमा ३९३, कैलालीमा ३८६ र डडेल्धुरामा २३ छाउगोठ भत्काइएको थियो । स्थानीय तहका जनप्रतिनिधिको समन्वयमा गृह मन्त्रालयले प्रहरी प्रशासनमार्फत छाउगोठ भत्काएपनि उक्त अभियानले सार्थकता पाउन नसकेको कुराको ज्वलन्त उदाहरण कञ्चनपुरको पछिल्लो घटना हो ।

अर्कोतिर छाउपडी प्रथा उन्मूलन गर्न कानुन बने पनि सुदूर पश्चिममा भने कानुन विपरीत छाउपडी कुप्रथा मान्दै छाउगोठमा महिलालाई राख्ने गलत परम्पराको अन्त्य हुन सकेको छैन । मुलुकी अपराध संहिता २०७४ को परिच्छेद १० मा भेदभाव र अपमानजनक व्यवहारसम्बन्धी कसुर शीर्षकको दफा १६८ उपदफा ९३० मा महिलाको रजस्वला र सुत्केरीको अवस्थामा छाउपडीमा राख्न वा त्यस्तै अन्य कुनै किसिमको भेदभाव, छुवाछूत वा अमानवीय व्यवहार गर्नु वा गराउनु हुँदैन भनिएको छ ।

यस्तो गरेको ठहरिएमा ३ महिनासम्म कैद वा ३ हजार सम्म जरिवाना हुनसक्ने व्यवस्था उक्त ऐनले व्यवस्था गरेको छ । सार्वजनिक ओहदाको व्यक्तिले यस्तो विभेद् गरेको ठहरिएमा अन्य व्यक्तिलाई हुने सजाय भन्दा दोब्बर सजाय हुने व्यवस्था गरिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्यास रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

# ‘आदिकविको साहित्यिक मार्गले पहिचानको संरक्षण गरेको छ’

साझाकुरा संवाददाता



हेटौंडा, २९ असार/ बागमती प्रदेशका प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले आदिकवि भानुभक्त आचार्यले देखाएको साहित्यिक मार्गले पहिचानको संरक्षण र संवर्द्धन गर्न प्रेरणा दिएको बताएका छन् ।

२ सय १२ औं भानु जयन्तीको अवसरमा शुभकामना व्यक्त गर्दै उनले आदिकवि आचार्यलाई साहित्यिक महानायकको रुपमा चित्रण गरेका छन् । ‘भानुभक्तले देखाएको साहित्यिक मार्गले हामीलाई आफ्नो पहिचानको संरक्षण र संवर्द्धन गर्ने प्रेरणा दिएको छ’ उनले भने, ‘काव्यमा रहेको सरलता र राष्ट्रिय आत्मसम्मान आज पनि उत्तिकै सान्दर्भिक छ । यस अवसरले आफ्नो गौरवपूर्ण भाषा, साहित्य र संस्कृतिप्रतिको सम्मान र कर्तव्य स्मरण गराउँछ । त्यतिमात्र होइन भानुभक्त आचार्यको घाँसीसँगको जम्काभेट जीवनको खुसी र सत्मार्गको प्रेरक प्रसंगसँग जोडिएको छ । यसमा लोक कल्याणकारी मार्ग अपनाउने गहन सन्देश प्रवाह भएको छ ।’

प्रदेशप्रमुख देवकोटाले सबैमा एकताको भावना थप प्रगाढ बनाई, नयाँपुस्तामा साहित्यिक चेतना भरेर सिर्जनशीलताको नयाँ युगको प्रारम्भ गराओस् भन्ने कामना व्यक्त गरेका छन् । ‘भानुभक्तले देखाएको मार्गमा हामी सबै अघि बढी नेपाली भाषा र साहित्यलाई माया र सम्मान गर्न सकौं, अन्तर्राष्ट्रियजगतमा नेपाली साहित्यलाई अझ उजागर गर्न सकौं भन्ने आशा व्यक्त गर्दछु’ उनले सन्देशमा भनेका छन् ।

वि.सं. १८७१ साल असार २९ गते अर्थात् आजकै दिन तनहुँ जिल्लाको चुंदीरम्घामा जन्मनुभएका नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यले नेपाली भाषालाई साहित्यिक धरातलमा स्थापित गरी जनजिब्रोमा मिसाउनु भएको ऐतिहासिक योगदान सबैका लागि गर्वको विषय भएको प्रदेशप्रमुख देवकोटाले उल्लेख गरेका छन् ।

वाल्मिकि रचित संस्कृतको रामायणलाई सरल र मिठासपूर्ण नेपाली भाषामा अनुवाद गरी गाउँघर सम्म पुर्‍याउनु भएको स्मरण गर्दै नेपाली भाषाका साथसाथै सांस्कृतिक चेतना पनि उजागर भएको बताएका छन् । ‘हाम्रा गाउँघर रामायणका श्लोकवाचनले गुन्जायमान हुन्थे । प्राय: सबैजसोका लागि रामायण कर्णप्रिय ग्रन्थ थियो र आज पनि छ’ प्रदेशप्रमुख देवकोटाले सन्देशमार्फत् भनेका छन् ।

# रोटरी माध्यमिक विद्यालयमा बस सेवा सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २९ असार/ पश्चिम मकवानपुरको मनहरी-७ स्थित राष्ट्रिय रोटरी माध्यमिक विद्यालयमा बससेवा सुरु भएको छ ।

विद्यार्थीको आवतजावतका लागि बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको सहयोगमा बस व्यवस्था गरिएको विद्यालयका प्रधानाध्यापक गोविन्दप्रसाद पौडेलले बताएका छन् । गत आर्थिक वर्षमा विनियोजित रकम कार्यान्वयन गरी लामो प्रक्रिया पूरा गरी बस प्राप्त भएको उनले जानकारी दिए । राजमार्ग छेवैमा रहेको विद्यालय आवत जावतका लागि यसअघि विद्यार्थीले अन्य सार्वजनिक सवारीसाधन प्रयोग गर्दै आएकामा बस प्राप्त भएपछि त्यो बाध्यता हटेको प्रधानाध्यापक पौडेलले बताए ।

बस प्राप्त भएपछि बस सञ्चालन खर्च बढ्ने भएकाले स्थानीय तहलाई बस व्यवस्थापनका लागि सहयोग माग गरिएको विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष शालिकराम बानियाँले बताए । नयाँ बस प्राप्त भएपछि मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, वडाध्यक्ष ठाकुरराम तितुङसहितका जनप्रतिनिधिले खुशी व्यक्त गरेका छन् । एक हजार दुई सय विद्यार्थी रहेको राष्ट्रिय रोटरी माध्यमिक विद्यालय पश्चिम मकवानपुर कै ठूलो र एसइई परीक्षामा राम्रो नतिजा हासिल गर्ने विद्यालय हो ।

# सीमखोलामा बेलिब्रिज जडान सुरु



साझाकुरा संवाददाता

हेटौंडा, २९ असार/गत असोज ११ र १२ गतेको अविरल वर्षासँगै आएको बाढीपहिरोले क्षतिग्रस्त कुलेखानी जलविद्युत् आयोजनाको ड्याममुनिको सीमखोलामा बेलिब्रिज जडान सुरु गरिएको छ ।

बेलिब्रिज जडान गर्न एकसाता लाग्ने र पुल भएर सवारी साधन सञ्चालनमा आउन बढीमा दुई साता लाग्ने यातायात पूर्वाधार निर्देशनालय हेटौंडाका प्रमुख नवीन सिंहले बताएका छन् । उनका अनुसार आइतबार बिहानदेखि दक्ष जनशक्ति र आवश्यक उपकरण प्रयोग गरेर बेलिब्रिज जडानको काम भइरहेको छ । पुलको दायाँबायाँ अर्थात् पहुँचमार्ग नै बगाएकाले बेलिब्रिज राख्न लागिएको हो ।

सीमखोलामा बेलिब्रिज हाल्नका लागि भैंसे-भीमफेदी सडक खण्डको घट्टेखोलामा रहेको १३ मिटर लामो र मान्डुखोलामा रहेको ५० मिटर लामो बेलिब्रिज झिकेर ल्याइएको छ । सीमखोलामा ६० मिटर लामो बेलिब्रिज हाल्नुपर्ने भएकाले २ वटा बेलिब्रिज झिकेर यहाँ ल्याएको पूर्वाधार निर्देशनालयका प्रमुख सिंहले बताए । साउनको पहिलो साता नै बेलिब्रिज हालेर सवारीसाधन आउजाउ गराउने लक्ष्यकासाथ काम भइरहेको बागमती प्रदेश भौतिक पूर्वाधार मन्त्रालयले जनाएको छ ।

बेलिब्रिज राख्न, पक्की पहुँचमार्ग बनाउन र पुल वरिपरिको क्षतिग्रस्त सडक निर्माण गर्न गौरव इन्जिनियर्स प्रालिले एक करोड ८८ लाख रुपैयाँमा ठेक्का लिएको छ । भारी वर्षासँगै कुलेखानी भरिएपछि ‘ओभर फलो’ रोक्न गेट खोल्दा इन्द्रसरोवर गाउँपालिका-२ स्थित कुलेखानी ड्यामको तल्लो भागमा रहेको सीमखोलाको पुलसँगै सडक क्षतिग्रस्त बनेको थियो । अहिले खोलाबाट डाइभर्सन गरेर सवारी सञ्चालन गरिएको छ ।

# शिक्षा ऐन: महासंघले २ साउनसम्म कुर्ने, पास नभए आन्दोलन गर्ने

साझाकुरा संवाददाता



हेटौंडा, २९ असार/ नेपाल शिक्षक महासंघले विद्यालय शिक्षा ऐन साउन २ गतेसम्म कुर्ने भएको छ । महासंघको आइतबार बसेको बैठकले २ गतेसम्म ऐन जारी नभए आन्दोलनमा जाने योजना बनाएको हो ।

‘२ गतेसम्म पर्खिन्छौं । सोही दिन नै पत्रकार सम्मेलन गर्छौं । शिक्षक महासंघसँग विगतमा भएको सहमति सरकारले लत्याउँदै गएको छ । शिक्षक आन्दोलनको मर्म र भावना समेट्न सरकार तयार देखिएको छैन,’ महासंघ सहअध्यक्ष नानुमाया पराजुलीले भनिन्, ‘१५ असारभित्र ऐन जारी गर्ने प्रतिबद्धता पूरा भएन । शिक्षा समितिको बैठक पनि अनिश्चत भएको छ । फेरि आन्दोलनको विकल्प देखिएन ।’ सरकार र शिक्षक महासंघबीच १७ वैशाखमा ९ बुँदे सहमतिसँगै १५ असारभित्र ऐन जारी गर्ने सहमति भएको थियो । तर, समय सीमा सकिएको पनि १५ दिन भयो ।

विधेयक समितिमै अड्किएको छ । सरकारले महासंघको मुद्दालाई बेवस्ता गरेको निष्कर्ष महासंघले निकालेको छ । ‘समितिमा जुन गतिमा टुंगो लगाउनु पर्ने हो त्यो भएन । शिक्षकलाई अड्कलेर दिनुपर्छ भन्नेमा सरकार प्रस्तुत भयो । शिक्षक कर्मचारीलाई फेरि आन्दोलनमा धकेल्न खोजेको महसुस भएको छ । अझै ४/५ दिन खबरदारी गर्छौं,’ उनले भनिन् । आन्दोलनबारे अनुमोदन गर्न महासंघले ९ र १० साउनमा केन्द्रीय समितिको बैठक बोलाएको छ । ‘२ साउनमा पत्रकार सम्मेलन हुन्छ । ९ र १० साउनमा केन्द्रीय समितिको बैठक बस्छ,’ महासंघका महासचिव तुलाबहादुर थापाले भने ।

सरकारसँग सहमतिको प्रयार र भेटघाट भइरहेको उनले बताए । ‘हिजो मन्त्रीज्यूसँग भेट भएको थियो । मिल्न दुई तीनवटा कुरा बाँकी छ । तर, सरकारबाट यथार्थ कुरा आएको छैन । शिक्षकको बढुवा, विभागीय कारबाही, अस्थायी शिक्षकको विषय हो । अरु भित्री कुरा के हो यकिन भएको छैन,’ महासचिव थापाले भने । विभागीय कारबाहीको अधिकार स्थानीय तहलाई नदिन महासंघको जोड छ । ‘सबै स्थानीयलाई दियो भने शिक्षकको हालत के हुन्छ ?,’ महासचिव थापा प्रश्न गर्छन् । गत २० चैतदेखि २९ दिन लामो शैक्षिक हड्ताल गरेर देशभरिका शिक्षक सडक आन्दोलनमा आएका थिए । शिक्षा ऐन शिक्षकको लागि भन्दा पनि मुलुकको तीनै तहको सरकारका लागि जरुरी विषय हो ।

# बालमैत्री घोषणाको तयारी गरिएका थाहाका दुई वडाको अनुगमन

साझाकुरा संवाददाता

हेटौंडा, २९ असार/ वडालाई बालमैत्री घोषणा गर्न योग्यरहेको दावी गरिएका थाहा नगर पालिकाको दुई वडाको जिल्ला समन्वय समिति मकवानपुरको टोलीले अनुगमन गरेको छ । अनुगमन गर्ने जिम्मेवारी पाएको जिल्ला समन्वय समितिको टोलीले आईतबार थाहा नगरपालिकाको वडा न. १ र वडा न.३ को अनुगमन गरिएको हो ।

जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, उपप्रमुख सानुकाजी लुइँटेल, जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य अधिकृत लक्ष्मण घिमिरे, शिक्षा समन्वय ईकाईप्रमुख सुदीप गिरी, थाहा नगरपालिका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधान, ईलाका प्रहरी कार्यालय पालुङका प्रमुख प्रहरीनिरीक्षक सविनबाबू अर्याल, नेपाल पत्रकार महासंघ मकवानपुरका उपाध्यक्ष ध्रुव अधिकारी, मकवानपुर उद्योग वाणिज्य संघका प्रतिनिधि प्रदीप अर्याल, जिल्ला समन्वय समिति मकवानपुरका सदस्य सुवर्ण गोपाली, तारा ढुंगानालगायतको टोलीले स्थलगत अवलोकन साथै सरोकारवालासँग छलफल गरेको छ ।

अनुगमन पछिको छलफलमा टोलीका सदस्यले राखेको जिज्ञासाको जवाफ दिदै थाहा नगर पालिका सामाजिक बिकास शाखाप्रमुख तथा बालमैत्री वडा घोषणा फोकल पर्सन अनिल लामिछानेले वडाभित्र बालमैत्री वडाको सूचक प्राप्तिको तयारीको चरण, पूर्वतयारीको चरण, नीति तथा योजना तर्जुमा र कार्यन्वयनको चरण, अनुगमन मूल्याङन र प्रतिवेदन चरण तथा बालमैत्री स्थानीय तह घोषणा र दिगोपनका चरण पुरा गरेको बताए । टोलटोलमा पुगेर सूचक प्राप्तिको लागि गतिविधि गरेको उनले जानकारी दिए ।

अनुगमन गर्ने निकाय जिल्ला समन्वय समिति मकवानपुरको प्रमुख घलानको अध्यक्षतामा अब बस्ने बैठकले बालमैत्री वडा घोषणाको दावी गरिएको सूचक र स्थलगत अनुगमन सबैलाई अध्ययन गरी थाहाको वडा न १ र वडा न ३ लाई अनुमति दिने नदिने निर्णय गर्नेछ । छलफल कार्यक्रम वडा न १ मा कार्यवाहक अध्यक्ष सरोज प्रधान र ३ मा वडा अध्यक्ष हिरेन्द्रकुमार रायमाझीको अध्यक्षतामा भएको थियो ।

# राक्सीराङमा ८० प्रतिशत बजेट खर्च

साझाकुरा संवाददाता

हेटौंडा, २९ असार/ राक्सिराङ गाउँपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ मा विनियोजित बजेटको झण्डै ८० प्रतिशत खर्च गरेको छ । चालु आवका लागि विनियोजित ५९ करोड ५७ लाख २३ हजार रुपैयाँ विनियोजन भएकोमा असार २५ गतेसम्ममा ७९.७४ प्रतिशत अर्थात् ४७ करोड ५० लाख ३५ हजार ४८ रुपैयाँ ६१ पैसा खर्च भएको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत पदमबहादुर बस्नेतले जानकारी दिए । चालुतर्फ विनियोजित ३७ करोड १४ लाख ५३ हजारमा ८१.०९ प्रतिशत अर्थात् ३० करोड ११ लाख ९५ हजार ४९९ रुपैयाँ र पुँजीगततर्फ विनियोजित २२ करोड ४२ लाख ७० हजारमा ७७.५२ प्रशित अर्थात् १७ करोड ३८ लाख ४५ हजार ५४९ रुपैयाँ खर्च भएको छ ।

# नेजा अध्यक्ष भण्डारी र मकवानपुरे सञ्चारकर्मीबीच छलफल

साझाकुरा संवाददाता

हेटौंडा, २९ असार/ नेपाल अमेरिका पत्रकार संघ नेजाका अध्यक्ष सुरेश भण्डारी र मकवानपुरका सञ्चारकर्मीबीच छलफल भएको छ ।

नेपाल पत्रकार महासंघ मकवानपुरको समन्वयमा आइतबार महासंघको हलमा छलफल गरिएको हो । पारिवारिक भेटघाटका लागि मकवानपुर आइपुगेका अध्यक्ष भण्डारीले मकवानपुरका सञ्चारकर्मीसँग पत्रकारिताक्षेत्र अनुभव साटेका हुन् । भेटका क्रममा अध्यक्ष भण्डारीले नेजाले गरिरहेका कार्यक्रम तथा योजनाका साथै अमेरिकामा नेपाली पत्रकारिताको अवस्थाबारे जानकारी गराएका थिए ।

नेजाले अमेरिकामा रहेका नेपालीलाई संस्थागत तथा व्यक्तिगतरुपमा सहयोग गर्दै आएको उनले बताए । अध्यक्ष भण्डारीले नेजाले प्रदान गर्ने ग्रामीण पत्रकारिता पुरस्कारको राशि बढाइएको जानकारी दिएका छन् ।

यसअघि एक लाख रुपैयाँ रहेको पुरस्कारको राशि बढाएर दुई लाख २२ हजार पुर्‍याइएको छ । यो पुरस्कार मकवानपुरका पत्रकार प्रताप विष्टले प्राप्त गरिसकेका छन् । यो पुरस्कार पत्रकारिता क्षेत्रको सबैभन्दा बढी धनराशिको पुरस्कार हो । नेजा अध्यक्ष भण्डारीले पुरस्कारलाई थप परिमार्जन गर्दै सात प्रदेशका १४ जना पत्रकारलाई लेखनवृत्ति पुरस्कार प्रदान गर्ने तयारी भइरहेको बताए । यसका साथै, नेजाले डिजिटल लाइब्रेरीका लागि एप तयार गरिरहेको उनले जानकारी गराए ।










साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना